# What is the Common Assessment Framework?

# साझा मूल्याङ्कन रुपरेखा भनेको के हो?

साझा मुल्याङ्कन रुपरेखा (CAF) भनेको तन्नेरी मानिसहरु तथा बच्चाहरुसंग काम गर्ने नयां तरिका हो । यसले तिमी र तिम्रो बच्चासंगको कुरा-कानीका आधारमा तिम्रो बच्चाको आबश्यकता, उसको जिवनका उपलब्धि र लाभदायक पक्षहरुसंग सरोकार राख्दछ ।

तिम्रो बच्चाको सहयोग सुनिश्चत गर्न, तिमी र तिम्रो बच्चाको निर्णय (सम्झौता) को आधरमा एउटा कार्य-योजना बनाई त्यसलाई अगाडि बढाइने छ ।

CAF स्वईच्छा हो – तिमी र तिम्रो बच्चा सम्मीलित हुने कुरा आपसमा भर पर्ने छ ।

Every Child Matters
Change for Children

# बालबालिका र तन्नेरीहरुलाई नयाँ ढंगबाट सहयोग पुर्‍याउन स्वागत छ



## A message for parents and carers

## अभिभावकहरुलाई सूचना

तिम्रो बच्चालाई थप सहयोगको जरुरत परेमा हामीहरु यथासंभब छिटो र सबैभन्दा राम्रो उपायको खोजिमा हुने गर्दछौ । कसरि नयाॅ ढंगबाट तिम्रो परिवारलाई निर्णय को केन्द्र बनाई तालमेलका साथ बालबालिकाको सम्बन्धमा निर्णय गरिन्छ भन्ने कुराको यस पानाले व्याख्या गर्दछ ।

Brochure in Nepali Language

# Welcome to a new way of helping families

# नयाँ तरिकाबाट परिवारहरुलाई सहयोग गर्न स्वागत

## How will the CAF help my family?

## CAF ले कसरी परिवारलई सहयोग गर्दछ ?

CAF तपाईको आफ्नो वच्चाको सहयोगमा तपाईलाई साथ दिन वनेको हो । यो छिटो समाधानको वाटो हुन सक्दछ । अथवा चाहिएको थप सहयोग निर्क्योल गर्न सहयोगि वन्न सक्दछ ।
बच्चा संग सम्बन्धित सबै पक्षहरु – जस्तै, शिक्षक तथा स्वास्थ-कर्मिहरु तालमेलका साथ सहयोगमा जुट्ने छन् ।
CAF ले तिम्रो बच्चालाई ठीक सहयोग, उसको आबश्यकता बढ्न अगाडी, बेलैमा सुनिश्चित गर्ने छ ।
CAF साझा मूल्याङ्कन भएको हुँदा तिमीले बिभिन्न सामाजिक कार्यकर्ताहरुलाई त्यही कुरा वारम्वार दोहोऱ्याई राख्नु पर्ने छैन ।

## When is the CAF used?

## CAF कहिले प्रयोग हुन्छ ?

यो तिमी अथबा तिम्रो बच्चा संग सम्बिन्धित व्यक्तिले बच्चालाई थप सहयोगको जरुरत परेको ठहऱ्याएमा प्रयोग गर्न सकिने छ ।

यस सहयोगमा जरुरत परे थप सहयोग-कर्ताहरु सम्मिलित हुन सक्ने छन् । हरेक सहयोगकर्ताको बिच तालमेल रहने छ ।

## How does it work?

## यसले कसरि काम गर्छ ?

खटिएका व्यक्तिले तिम्रो र तिम्रो बच्चालाई  बच्चाको आबश्यकता बारे केहि प्रश्नहरु सोध्नेछन् । कुराकानी एक साधारण फारममा लेखिने छ । लेखिएको कुरामा तिमी र तिम्रो बच्चाले सहमति जनाउनु पर्ने छ । यसको एक प्रतिलिपी तिमीलाई दिइने छ ।

अलिक ठूला बच्चाहरुले खटिएका व्यक्तिसंग आफै खुला कुराकानी गर्न पनि रुचाउन सक्छन् । अभिभावकसंग बच्चाले आफ्नो कुरा गोप्य राख्न चाहेमा खटिएको व्यक्तिले सो कुरा बुझ्नु पर्नेछ  र यदि बच्चाको भलाईमा छ भने यसो गर्न मनासिब हुने छ ।

## Confidentiality

## गोप्यनियता

तिमी र तिम्रो वच्चाले दिएको सूचना गोप्य राखिने छ र तिम्रो निर्णय वाट मात्र वांडिने  छ । सहयोगकर्ताका विच र निम्न विषेश अवस्थामा सूचना सम्वन्धितपक्षलाई दिईन सकिने छ ।

- यदि वच्चामाथि दुःख/आपत्तीको खतरा आईपरेमा यस्तो अवस्थामा सहयोग गर्न र
- तन्नेरी मानिसलाई आपत्ती आईपरेमा तथा गम्भिर अपराध अनुसन्धान वा अपराध रोक्नकालागि ।

## What happens next?

## त्यस पछि के हुन्छ ?

तिमी र तिम्रो बच्चाले दिएको सूचना मुताविक बच्चाको आबश्यकता पूर्ती गर्न सबै सहयोग-कर्ताहरु एकै ठाँउमा आई तालमेलका साथ आ-आफ्नो काम गर्ने छन् ।

वच्चासंग सम्वन्धित सूचना आवश्यक व्यक्तिलाई मात्र दिइने छ ।

## Who is a lead professional?

## मुख्य व्यक्ति हो को ?

यदि केही व्यक्तिहरुले तिम्रो वच्चालाई सहयोग पु-याइरहेका छन् भने, ती  व्यक्तिहरु मध्ये कुनै एक 'अगुवा' वनाइन सक्छ ।

यो व्यक्ति तिम्रो सम्पर्कमा रहने छ र अन्य सहयोगकर्ताहरुसंग तालमेल गरि सहयोग गर्ने छ ।

तिमी र तिम्रो वच्चाको 'अगुवा' कोहुने भन्ने निर्णयमा तिमी र तिम्रो वच्चा भाग लिन सक्छौ ।